म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ३५ २०८० पुस ७ गते शनिबार 23 December 2023, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## हेटौँडा भ्यु टावर निर्माण कम्पनिविरुद्ध उपमहानगरले कानुनी लडाई लड्ने



*हेटौँडा भ्यु टावर निर्माणसम्बन्धी सम्झौता गरी सम्झौतापत्र आदानप्रदान गरिँदै । फाइल तस्वीर ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४, हुप्रचौरमा हेटौँडा भ्यु टावर निर्माण सम्झौता गरी निर्माण कार्य सुरु समेत नगरेको कम्पनिविरुद्ध हेटौँडा उपमहानगरपालिकाले कानुनी लडाइँ लड्ने भएको छ । शुक्रबार बसेको कार्यपालिका बैठकले कानुनी लडाइँ लड्ने निर्णय गरेको एक वडा अध्यक्षले जानकारी दिनुभएको छ ।

व्यावसायिक केन्द्रको रुपमा १३ तलाको भ्यु टावर निर्माण गर्न हेटौँडा उपमहानगरपालिकासँग लामा-रसुवा-बानियाँ जेभीले ४७ करोड ९३ लाख ७२ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । २०७८ साल मंसिर २० गते निर्माणसम्बन्धी सम्झौता गरेपछि भ्यु टावर निर्माणस्थलमा रहेको शहीद बासुदेव सभागृह भत्काएको निर्माण कम्पनिले भ्यु टावर निर्माणको काम भने सुरु गरेको छैन ।

निर्माण कम्पनिले भ्यु टावर निर्माणस्थलमा पूर्वराजा वीरेन्द्रको सालिक नहटाएकोले निर्माण कार्य सुरु गर्न नसकिएको भन्दै उपमहानगरपालिकासँग क्षतिपूर्ति माग गरेको छ । सम्झौता बमोजिम भ्यु टावर निर्माण कार्य सुरु नै नगरी निर्माण कम्पनिले क्षतिपूर्ति माग गरेपछि हेटौँडा उपमहानगरपालिकाले कानुनी लडाइँ लड्ने निर्णय गरेको हो ।

तत्कालिन नगरप्रमुख हरिबहादुर महतको उपस्थितिमा प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाइँ र लामा-रसुवा-बानियाँ जेभीका सञ्चालक ऋषि बानियाँले भ्यु टावर निर्माणसम्बन्धी सम्झौता गरेको थियो । भ्यु टावर निर्माणका लागि ठेक्का आव्हान गर्दा ७७ करोड ९३ लाख ७२ हजार रुपैयाँ लागत अनुमान गरिएको थियो । १३ तले भवनमा दुई तलाको अन्डरग्राउन्ड, चारैतिर लिफ्ट, दुई वटा भऱ्याङ, सबैभन्दा माथि भ्यु-टावर निर्माण गर्ने गरी सम्झौता भएको थियो । तीन वर्षमा काम सक्ने गरी यो भवनको ठेक्का सम्झौता भएको थियो ।

## हेटौँडाको नगर सभा पुस २१ गते

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाको कार्यपालिका बैठक शुक्रबार बिहान बसेको छ । बिहान ८ बजेका लागि बोलाइएको बैठक ९:३० बजे मात्रै सुरु भएको थियो । कार्यपालिका बैठकले नगरसभा पुस २१ गते गर्ने निर्णय भएको एक वडा अध्यक्षले जानकारी दिनुभएको छ ।

कार्यपालिका बैठकका निर्णय उपमहानगरले सार्वजनिक गर्ने गरेको छैन । कार्यपालिका बैठकको निर्णय औपचारिकरुपमा सार्वजनिक नगरिरहेको सन्दर्भमा नाम नबताउने सर्तमा एक वडा अध्यक्षले भन्नुभयो, "चालु आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट संशोधन समेत गर्ने गरी १५औं नगरसभा यही पुस २१ गते बस्ने निर्णय भएको छ ।" कार्यपालिका बैठकका पूर्वनिर्धारित विषयमा मात्रै छलफल गरी आवश्यक निर्णय गरिएको ती वडा अध्यक्षले जानकारी दिनुभयो ।

हेटौँडा उपमहानगरपालिकाको कार्यपालिका बैठक कार्यतालिकाअनुसार बस्न सकेको छैन भने बैठकका निर्णय समेत बैठक सक्नुअघि नै नलेखी ३ दिनपछिसम्म लेखेर नगरप्रमुखले प्रमाणित गर्ने गरिएको छ । नगरप्रमुखले बैठकका निर्णय प्रमाणित गरेपछि पनि ती निर्णयहरु सार्वजनिक गर्ने गरिएको छैन ।

## पर्यटनमन्त्री किराँतीको पुत्ला दहन




समाज संवाददाता

हेटौंडाः हेटौंडामा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीको पुत्ला दहन गरिएको छ । शुक्रबार राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुरले मन्त्री किराँतीको पुत्ला दहन गरेको हो ।

बुधबार मन्त्री किराँतीले एक सार्वजनिक कार्यक्रममा दिएको अभिव्यक्तिप्रति असन्तुष्टि जनाउँदै राप्रपा मकवानपुरले मन्त्री किराँतीको पुत्ला दहन गरेको हो । मन्त्री किराँतीले उक्त कार्यक्रममा क्रिश्चियन धर्मलाई स्वीकार नगर्ने सबै देशद्रोही भएको र क्रिश्चियन धर्म नस्वीकार्नेहरुलाई जेलमा राख्नुपर्ने अभिव्यक्ति दिनुभएको थियो ।

विरोध प्रदर्शनमा बोल्नुहुँदै राप्रपा बागमती प्रदेश सचिव गुञ्जनबहादुर न्यौपानेले अहिले देशमा हिन्दू समुदायप्रति प्रहार भइरहेको बताउनुभयो । मन्त्री किराँतीले बोलेको उक्त अभिव्यक्ति सम्पूर्ण हिन्दू आस्थाप्रति गम्भीर प्रहार भएको उहाँले बताउनुभयो ।

विदेशमा क्रिश्चियन धर्म मान्ने बढी भए पनि नेपालमा हिन्दू धर्म बढी रहेको र देशको नेता भनाउँदाले यस्तो अभिव्यक्ति दिनु आपत्तिजनक रहेको उहाँले बताउनुभयो । उहाँले मन्त्री किराँतीले सरकारको आडमा उक्त अभिव्यक्ति दिएको आरोप लगाउनुभयो । मन्त्री किराँतीले राजीनामा नदिएमा आफूहरुले आन्दोलनलाई वृहत् बनाउने उहाँले चेतावनी दिनुभयो ।

यस्तै, पार्टीका जिल्ला कार्यवाहक अध्यक्ष सागर थापाले मन्त्री किराँतीले नैतिकताका आधारमा तत्काल राजीनामा दिनुपर्ने बताउनुभयो । सरकारले देशमा धर्म परिवर्तन गर्न लागेको उहाँले बताउनुभयो । मन्त्री किराँतीको उक्त अभिव्यक्ति सम्पूर्ण हिन्दूहरुको मुद्धा बनेकाले अब हिन्दूवादीहरु चुप लागेर बस्न नहुने बताउनुभयो ।

विरोध प्रदर्शनमा सहभागीहरुले सुदन किराँती राजीनामा दे, हिन्दू राष्ट्र कायम गर, राष्ट्रवादी शक्तिहरु एक हौँलगायतका प्लेकार्ड बोकेर नारा जुलुस गरेका थिए ।

## वार्षिकोत्सवमा संस्थापक सदस्यलाई सम्मान



समाज संवाददाता

हेटौंडाः हेटौँडा-७ स्थित हेटौँडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले वार्षिकोत्सवको अवसरमा संस्थापक सदस्यलाई सम्मान गरेको छ । शुक्रबार सहकारीमै साताव्यापी कार्यक्रमको विषयमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमै संस्थापक सदस्यलाई सम्मान गरेको हो ।

२०५६ सालमा २६ जना सेयर सदस्यको दुइ हजार छ सय रुपैयाँ सेयर पुँजीबाट सहकारी सुरु गरिएको संस्थापक अध्यक्ष रामशरण गौतमले जानकारी दिनुभयो । संस्थापक सदस्यलाई दोसल्ला ओढाएर सम्मान गरिएको छ । मंसिर मसान्तसम्ममा छ हजार नौ सय ३१ जना सेयर सदस्य रहेको सहकारीको सेयर पुँजी चार करोड ३६ लाख ९४ हजार रुपैयाँ रहेको छ । सहकारीको बचत संकलन ५० करोड ९७ लाख ८७ हजार रुपैयाँ रहेको छ । सहकारीले दुइ हजार एक सय २४ जना सेयर सदस्यलाई ५७ करोड ३२ लाख १५ हजार रुपैयाँ ऋण लगानी गरेको छ ।

सहकारीको वार्षिकोत्सवको अवसरमा साताव्यापी कार्यक्रमको आयोजना गरेर ज्येष्ठ सदस्य सम्मान, बाल सदस्य वनभोज कार्यक्रम, रक्तदानसहित विविध खेलकुद कार्यक्रम गर्दैछ । सहकारीको हेटौँडा-७ स्थित मुख्य कार्यालयसहित हेटौँडा-४, हेटौँडा-८, हेटौँडा-१६ मा सेवा केन्द्र सञ्चालनमा रहेको छ ।

## ब्याडमिन्टन प्रतियोगिता सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला खेलकुद विकास समिति तथा औद्योगिक शान्ति संस्था नेपालको संयुक्त आयोजनामा वृहत् खेलकुद तथा व्यापार महोत्सवमा ब्याडमिन्टन प्रतियोगिता सुरु भएको छ । शुक्रबार सुरु भएको प्रतियोगिताको उद्घाटन जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीले गर्नुभयो ।

शुक्रबार भएको खेलमा विजयी हुँदै रवीन्द्र नेपाल र राम थापा मगरको टिम तथा मिलन मोक्तान र महेश पाखिनको टिम क्वाटरफाइनलमा प्रवेश गरेको छ । क्वाटरफाइनल खेलमा विजयी भएका टिमहरुले सेमिफाइनलका लागि प्रतिस्पर्धा गर्नेछन् । सेमिफानलमा प्रवेश गरेका रेवती कार्की र हिकमत सिंह पतली तथा जितान लामा र दीपक थापाको टोलीबीच फाइनल प्रवेशका लागि आज शनिबार प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा ३६ जना खेलाडीहरुको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले क्रमशः ७ हजार रुपैयाँ, ५ हजार रुपैयाँ र ३ हजार रुपैयाँसहित स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्नेछन् ।

महोत्सवमा शनिबार तेक्वान्दो, आइबतार फुटबल, सोमबारदेखि बिहीबारसम्म भलिबल र हकी प्रतियोगिता हुनेछ । यस्तै, बिहीबार, शुक्रबार र शनिबार उसु तथा बुधबार र बिहीबार कबड्डी हुनेछ । महोत्सवमा शुक्रबार रेस्लिङ हुने बताइएको छ । खेलाडीहरुको कला प्रदर्शनी तथा मनोरञ्जन गर्ने उद्देश्यले आयोजना गरेको महोत्सव यही पुस १७ गतेसम्म हुनेछ । महोत्सवमा खाद्यान्न सामग्री, लत्ताकपडालगायत विभिन्न २५० वटा स्टलहरु रहेको छ । बालबालिकाको मनोरञ्जनका लागि रोटेपिङ, डुङ्गा, रेलहरुको पनि व्यवस्था गरिएको छ ।

## वृद्धा मृत फेला

समाज संवाददाता

हेटौंडाः काभ्रेपलाञ्चोक जिल्लाको मण्डनदेउपुर नगरपालिका-७, ठूलोचौरमा एकजना वृद्धा मृत फेला परेकी छन् । मृत फेला पर्नेमा बेथानचोक गाउँपालिका-६ घर भई हाल मण्डनदेउपुर नगरपालिका-७, ठूलोचौर बस्ने ७० वर्षीया सानुमाया लामा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

लामा बिहीबार बिहान ७ बजेर ३० मिनेटको समयमा भान्छा कोठामा मृत अवस्थामा फेला परेकी थिइन् । लामा लामो समयदेखि दमको बिरामी रहेको प्रहरीले जानकारी दिएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

**समृद्ध समाज राष्ट्रिय दैनिक**
www.samriddhasamaj.com.np

## हार्दिक बधाई




*यस मकवानपुर होटल एसोसिएसनका महासचिव हरिगोपाल सापकोटा नेपाल राष्ट्रिय पर्यटन व्यवसायी संगठन बागमती प्रदेश समितिको सदस्य तथा कार्यसमिति सदस्य सरोज अधिकारी नेपाल जेसीजको महासचिव पदमा निर्वाचित हुनुभएकोमा दुवैजनलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।*

**दिलिश गोविन्द जोशी, अध्यक्ष**
**एवम् मकवानपुर होटल एसोसिएसन परिवार**
**हेटौंडा, मकवानपुर**

मेला हेर्न

## बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०

हेटौंडा आऔं

पौष ५ गते देखि पौष १७ गतेसम्म    हेटौंडा-१०, टीसीएन चौर

स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१

**मुख्य आकर्षणहरु :**

-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्वारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत .घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित

प्रवेश शुल्क
विद्यार्थी :रू ५०
सर्वसाधारण : रू७०



मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा

आयोजक
औद्योगिक शान्ति नेपाल संस्था


# चित्रकला







**श्रद्धा दाहाल**
**कक्षा:- ७, माउन्ट एभरेष्ट स्कूल**






**दिपासना थापा**
**कक्षा:- १०**
**जिएस निकेतन, हेटौंडा-५**





Saruna Syangtan
Class - 4
Shree Nirmal Secondary School






**सुदांशु थापा**
**कक्षा-१०, माउण्ड एभरेष्ट इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-८**

# भ्रमण प्रतिवेदन



**✍ रुसिका लामिछाने**

**भ्रमण प्रतिवेदन**

**१) परिचय:** हाम्रो विद्यालय सिद्धार्थ शिशु सदन माध्यमिक विद्यालयले मिति २०८०/०८/२६ गतेका दिन कक्षा ९ का विद्यार्थीको समूहलाई बौद्धिक तथा सामाजिक क्षमता बढाउनका निम्ति मकवानपुर जिल्लामा अवस्थित हेटौँडाको हटिया भन्ने ठाउँमा रहेको ठूलो कारखाना, शिवम् सिमेन्ट लगेको थियो । त्यहाँ विभिन्न प्राविधिक तथा व्यावसायिक व्यवस्थाको बारेमा जान्ने उत्सुकता हामी विद्यार्थीमा धेरै थियो । त्यसकारण नयाँ विषयवस्तु र पत्ता लागेका कुरालाई मैले यस प्रतिवेदनमा समावेश गर्ने प्रयास गरेको छु ।

**२) उद्देश्य:** शिवम् सिमेन्ट शैक्षिक भ्रमणका उद्देश्य तल निम्न लिखित छन् ।

क) वातावरणमा आर्थिक महत्वको जानकारी लिनका लागि,

ख) वातावरणमा परेको प्रभावको बारे जानकारी लिन,

ग) यसको इतिहास व बजार व्यवस्थापनका बारे जानकारी लिन,

**३) विधि:** सम्पूर्ण शिवम् सिमेन्ट बारे ज्ञान हासिल गर्नका निम्ति मैले छलफल विधि, प्रश्नावली विधि आदि अपनाएको छु । मैले त्यहाँको एक लगानीकर्तासँग अन्तरवार्ता गरेर यस कारखाना बारे धेरै नयाँ, कुवा पत्ता लगाएको छु । अझ, त्यो भन्दा पनि त्यहीँ काम गर्ने कर्मचारीलाई पनि गरेको गरेर र वर्षको अनुभव बटुलेका कर्मचारीलाई पनि त्यहाँको वातावरण बारे सोधपुछ गरेको छु। यसरी मैले यस फ्याक्ट्री बारे ज्ञान हासिल गरेको छु ।

**४) पत्ता लगाइएको कुरा:** शिवम् सिमेन्टले सन् २००६ देखि २०११ सम्मको समय भित्र स्थापना भएर बिक्रीको प्रक्रिया सुरु गरेको थियो। यस कारखानाको मुख्य स्थापनाका लागि ५ जना मुख्य छन् । ती मध्ये एस.के. गोयल र गौरख गोयल दुई विशिष्ट व्यक्ति हुन् । यस फ्याक्ट्री निर्माण ६० विघा जमिनमा गरिएको छ । साथै यहाँ ४३ ग्रेडदेखि ५३ ग्रेडसम्मको ओपीसी सिमेन्ट उत्पादन गरिन्छ। ठूलो र विशाल कारखानामा बनाइने सिमेन्टको पनि उत्पादन प्रक्रिया बारे जानकारी हासिल मैले गरेको छु। यसका लागि चुन ढुङ्गा पाइन्छ । तर, यस जो एउटा यस कारखानाको सुधारात्मक पक्ष हो ।

निष्कर्ष: अन्त्यमा, हाम्रो विद्यालयले लर्निङ बाइ डुइङ भन्ने सिद्धान्त पूरा गर्दै आएको लगेको शिवम् सिमेन्टको शैक्षिण भ्रमण निकै रमाइलो र ज्ञानवर्दक रह्यो र म यस कार्यको सम्पन्नका लागि हाम्रो सिद्धार्थ परिवार साथै हामी कक्षा ९ समूहका विद्यार्थीलाई सम्पूर्ण विषयवस्तु बारे जानकारी दिनु हुने शिवम् सिमेन्टको लगानीकर्ता मुकेश गुप्ता र सुशीला दाहाल ज्यूलाई पनि धन्यवाद व्यक्त गर्न चाहन्छु ।

*कक्षा-९, सिद्धार्थ शिशु सदन, हेटौँडा-५*

# तिमी गएको दिन



**✍ सञ्चिता बस्नेत**

तिमी गएको दिन
मेरो हरियो जंगल
मरुभूमि बन्ने छ
मेरो आँसुहरूले आँसु
ग्रन्थीलाई छोड्ने छन्
मलाई सताउने मान्छेले
मलाई घेर्ने छन्
तर मेरो मन र म
रुँदै, छट्पटिँदै
तिमीलाई पुकार्ने छौं ।

तिमी हुँदा
तिम्रो अर्थ बुझिनँ कि?
तिम्रो चित्त चाहेभन्दा
बेसी दुखाएँ कि ?
थाह छ मलाई
तिम्रो दोषी बनेछु म
तिम्रो बुढेसकालको साहरा
बन्न नसकेको लाछी भएछु म

तिमी टाढिएको खबरले
छिया छिया हुनेछु म
तैपनि सहास बटुली
तिमीले ममाथि राखेको
आशाहरुलाई पूरा गर्न लाग्ने छु
प्रकृतिको नियम हो भनी
आफूलाई सम्हाल्ने छु
तिमीले सिकाएको ती
भर्याङ चढी धेरै अघि बदने छु

तिमीले फर्की मलाई हेर्दा
गर्व गर्ने छौ
मेरो नसा नसामा बगेको
तिम्रो रगतलाई सोची
मख्खह्ट पर्ने छौ
तिम्रो काखको काँडा
बनेँ होला
तर
तिम्रो आँखाको फूल बनी
फक्रिएको हेर्ने छौ

यो सबै कुराहरू
सपना रहेछ भन्ने कुरा
थाहा पाएर बिउँजिने छु
तिम्रो पछ्यौरीले आँखाको डिलमा
अडिएको आसुँ पुछ्ने छु
तिमीलाई अँगालोमा कसी
भक्कानिएर रून्ने छु म
तिमीलाई कहिल्यै दुख नदिने
निधो गरी तिम्रो
ढाँचामा ढल्ने छु म

तिमी हुँदा तिम्रो अर्थ बुझी
तिम्रो संसार
उज्यालो पार्ने छु म
तिमीले कल्पना गर्न
नसकेको खुसी
तिमीलाई दिने छु म
तिमीलाई थाहै नदिइ
हरेक पल तिम्रो
आभारी रहने छु म

मेरी आमा !
हरेक मुटुको ढुकढुकीमा
तिमीलाई सजाएको छु
तिमी हुनु नै आफू हुनुको
कारण बनाएको छु

*कक्षा १२*
*हेटौंडा स्कूल अफ म्यानेजमेन्ट*

# सम्झनाका गोरेटाहरू



**✍ जेनिशा पौडेल**

हाम्रा ती अतीतका
मिठा मिठा यादहरू
हाम्रा एकअर्कासँगका
रमाइला बातहरू
अहिले पनि
याद छ मलाई
सम्झन्छु धेरै
हाम्रा ती पलहरू

आउँछ आखाँमा आँसु
सम्झेर तिमीहरूलाई
कहिले पनि टुट्न दिने छैन
हाम्रो यो मित्रतालाई

के भो त अहिले
हामी टाढा छौँ
हाम्रो मित्रतालाई सजाएर
मनमा राख्नेछौँ

हामी फेरि भेटनेछौं,
हाम्रो मित्रताको सम्बन्ध गाँस्न
हामी फेरि बनाऔंला
रमाइला यादहरू
जिन्दगीलाई सजाउन
फेरि पनि जिऔंला
हाम्रा मित्रताका दिनहरू
हाँस्दै खेल्दै
गरौंला साकार हाम्रा सपनाहरू

*कक्षा १२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट*

# पुतली



**✍ प्रत्युशा रौनियार**

कति राम्रो पुतली
फूलजस्तै मखमली

पखेँटामा बुट्टा छन्
हैनन् यिनी नक्कली

फुरफुर नाच्छिन् फूलमा
बानी साँच्चै चञ्चली

घर आँगनमा रमाउँछिन्
नभन्नु है जङ्गली

कहिलेकाहीँ हराउँछिन्
सम्झिन्छु म झलझली
घर कहाँ होला यिनको
फुलबारी नै सधैँभरि मेला

*कक्षा-४, नवोदय शिशु सदन, हेटौंडा-४*

# शिक्षक



**✍ स्तुति विडारी**

जब ३ वर्षकी थिएँ
तब थाहा पाएँ को हौं तिमी
घर छाडी विद्यालय आउँदा
नरोऊ भन्ने एक मात्र तिमी
बन्यौ तिमी मेरा लागि
मेरी आमा, मेरा बुबा
हटेनै कहिल्यै पछि
आफ्नो कर्तव्य पूरा गर्न

निस्वार्थ माया किन दिन्छौ हामीलाई
गाली गरेपनि पछि माया गर्छौ हामीलाई
हामी सफल भएको देख्न चाहान्छौँ भन्छौँ
नाम राखेर मेरो विद्यार्थी हो भन्ने बनाउँछौँ ।

जब आउँथ्यो समस्या तिमी साथ हुन्थ्यौ
अब हाम्रो साथ दिने कोही नि छैन
समय कति छिटो गाको थाहा नै पाईन
फेरि फेरि जिउनु छ
तिमीसँगै त्यो बाल्यकाल
अमूल्य पलमा रमाउनु छ

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# तिमि



**✍ प्रकृष्णा घिमिरे**

खोलाजस्तै छु म बग्छु तर फर्कन्न
मैनबत्तीजस्तै म पग्लन्छु तर सकिन्न

जहाँबाट काटिन्छु त्यहींबाट उम्रन जानेको छु
तिमीले जति चोट दिए पनि तिमीलाई नै माया गर्ने ठानेको छु

तिमीले देखे त वरपर छु म देख्दैनौं तर छु म
पानीको भ्यागुता पानी नै नहुँदा माटोमा लुकेजस्तै हुँ म

# मेरो बुवा



**✍ सालिनी ठाकुर**

मैले धेरै सम्बन्ध देखेकी छु
अरुको माया बाबाको अगाडि
साह्रै साह्रै फिका देखेकी छु
कठोर बोली तर निश्चल माया
आफूलाई पुरानो सन्तानलाई नयाँ
सानो नोकरी मेरो बुवाको तर
ठूला ठूला इच्छा पूरा मेरो
उहाँ न रात भन्नु हुन्छ न दिन
खटिदिनुहुन्छ हर रात मेरै निम्ती
हाँसिदिनुहुन्छ हर साथ मेरै निम्ती

*कक्षा-६, श्री ज्ञानदा मावि, हेटौंडा-१०*

# मेरी आमा

मलाई सधैं सुख दिने
अनि आफू सबै दु:ख लिने
मेरो हरेक कुरा बुझिदिने
जस्तोसुकै परिस्थितिमा पनि मसँगै बसिदिने ।

मलाई चोट लाग्दा आफैं रुने
अनि मेरो प्रगतिमा संधैं खुसी हुने
दु:ख र कष्टमा फुलेकी फूल
तिमीसँग नराम्ररी बोल्नु नै रहेछ मेरो सबैभन्दा ठूलो भुल ।

तिमी मेरो पहिलो शिक्षक
तिमी मेरो एकमात्र रक्षक
तिमी भएर मेरो जीवनमा आएको छ प्रकाश
सारा सुख मलाई लिई दु:खबाट दिलायौ निकास ।

जिन्दगीको हरेक पाइलामा दियौ मलाई साथ
एकचोटि सफल भएपछि तिमीलाई रानी बनाएर राख्ने मेरो हात
जसलाई सजाउनेछु सदा मेरो सम्झनामा
उनी हुन् मेरी प्यारी आमा ।

*कक्षा-८*



**✍ निष्ठा पौडेल**

# अनौठो मुलुक



✍ भीषण बञ्जारा

अराजक छ स्थिति कसरी वर्णन गरुँ
मातृभूमिको अवस्था देखेर हाँसु कि म रोऊँ
राजतन्त्र लोकतन्त्र दुई ठाउँमा बाँडिएका छन्
जनताको इमान पैसामा साटिएका छन् ।

सन्तान सखाप पारे मदनलाई नि मारे
देशलाई अघि बढाउन छाडी झनै पछि सारे
उद्योगधन्दा बेची खाए बलात्कारी लुकाएर
विकासका कामहरु सधैंजस्तै घाममा सुकाए ।

५/५ वर्षमा आफ्नो मुख देखाउँछन्
जनताको पैसा नलजाइकन पचाउँछन्
युवाजनको अन्तिम विकल्प विदेश नै भयो
ठूला-ठूला नेताको सम्पति किन विदेश भित्रियो ?

विमानस्थल सधैंभरि सधैं हुन्छन् प्याक
यस्ता देशघातिहरुलाई मुलुकबाट फ्याक
देशको अस्तित्व लोप हुनेगरी गर्छन् यिनले काम
कहाँ गयो खै हामी नेपालीको शान

सत्तामा आउन सबै होडबाजी चल्छ
यस्तो गतिले कहाँबाट हाम्रो मुलुक बन्छ
सिमितमात्र धनी भए अरु सबै हरिकंगाल
आफ्ना पोल खोलिन थालेपछि बन्द गर्छन् सामाजिक सञ्जाल

सहिदहरूले रगत बगाए गणतन्त्रका लागि
अपराधमा परेपछि भाग्छन् देश छोडी
जनताले ज्यानमा आगो बाली प्राण त्यागिराछन्
देशघाति सम्झौता गरी देशलाई पछि सारिराछन् ।

कम्बोडियामा लगानी छ भन्ने हल्ला सुन्न पाइन्छ
अपराधीलाई थुनामुक्त गरी संविधान दिवस मनाइन्छ ।
कतै-कतै गल्ती त हाम्रो पनि देखिन्छ
नातावाद र कृपावादले असल र अब्बल प्रतिनिधि छेकिन्छ ।

यहाँ ठूला मान्छेहरुले पनि अपराध गर्छन्
नेपाली जनलाई भुटानी शरणार्थी बताउँछन् ।
देशभक्तिका कुराहरु किताबमा नै सिमित
मुलुकको अवस्थादेखि मन बन्छ ममित ।

*कक्षा-८ (ग), जीएस निकेतन मावि*

# दाजुभाई



✍ समृद्धि घिताल

जन्मेदेखि मृत्युसम्मको अनमोल सम्बन्ध दाजुभाइ
कोही नहुँदा पनि साथ दिने दाजुभाइ
सँगै हुँदा कहिले जिस्किएर रुवाउँछ
टाढा हुँदा यिनीहरुकै यादले सताउँछ ।


जबजब यिनीहरुको मनमा नाम आउँछ
तबतब दाजुभाइको कविता हृदयमा गुनगुनाउँछ
अहोभाग्य ठान्छु आफूलाई दाजुभाइ पाएकोमा
अन्धकार बादलपछि शीतल वर्षात् आएकोमा ।

मेरो प्रार्थनको बोलीमा दाजुभाइ
मेरो सपनाको मुख्य पात्र दाजुभाइ
सपनामा मात्र होइन जीवनको मुख्य पात्र दाजुभाइ
बाहिर देखाउन मात्र होइन भित्र मनमा पनि दाजुभाइ ।

दु:ख लाग्छ जसले दाजुभाइको माया पाएको छैन
दु:ख लाग्छ जसले दाजुभाइको सम्बन्ध पाएको छैन
यो जुनिमात्र हैन हरेक जुनि यिनीहरुको साथ पाउँ
यो जुनिमात्र हैन हरेक जुनि यिनीहरुको माया पाउँ ।

*कक्षा-७, जीएस निकेतन मावि*

# 'आशा



✍ सरोजप्रसाद साह

न आशा बाचेको छ, न आशा मरेको छ !
न आशा आएको छ, न त गएको छ !!
न आशा घटेको छ, न आशा बढेको छ !!!
जीवनरूपी आशाले, यो जीवन चलेको छ !!!!



न आशा मेरो हो, न यो तिम्रो हो !
न आशा मूर्त छ, न अमूर्त छ !!

न आशा उच्च छ, न त तुच्छ छ !!!
आशारुपी आशाले, यो, जीवन व्यस्त छ !!!!

न आशा अमर हो, न यो क्षणिक हो !
न आशा बालक हो, न यो जवान छ !!
न आशा वृद्ध, न त बेजान छ !!!
आसरुपी शक्तिबिना, जीवन बेजान् छ !!!

न आशा आज हो, न त हिजो नै !
न आशा सभ्य छ, न असभ्य छ !!
न आशा तरल छ, न त ठोस नै !!!
तर पनि आशारुपी, विश्वासले जीवन बगेको छ !!!

न आशा त बाट छ, न आशा तपाईबाट छ !
न आशा गणित छ, न त यो विज्ञान नै !!
न आशालाई जलाउन सकिन्छ, न बचाउन सकिन्छ !!!
तर पनि जीवनरुपी आशाले, जीवनलाई उठाउन सकिन्छ !!!!



# मुक्तक



✍ सुमी थिङ

सम्झने सपना साकार छन्
नसम्झने ती सब बेकार छन्
म्यासेज गरी पठाउनु माया
मेरो ठेगाना यस प्रकार छन् ।

माया गर्ने मान्छे नै आफ्नो प्राण हो
मायामा विश्वास गर्नु नै ज्ञान हो
माया गर्नु कुनै पाप होइन
यो त दुई आत्माको बलिदान हो ।

मनमा हुन्छन् भावना
हृदयमा हुन्छन् चाहना
सुन्दर मगमगाउने फूल बनोस्
यही नै वियोगीको सफलताको कामना ।

*कक्षा: ७, श्री अमर मावि, हेडौंडा-१*

# मेरो देश



✍ आयुषा भोम्जन

रातो रङले भरिएको सूर्य चन्द्रले सजिएको
मेरो देशको झण्डा, मेरो नेपालको झण्डा

७ प्रदेश ७७ जिल्ला भएको हिमलचुली पर्वत भएको
कसले नचिन्ला मेरो देश मेरो प्यारो देश नेपाल

गौतमबुद्ध जन्मिएको देश शान्ति र सद्भावको देश
हिमाल, पहाड तराई भएको मेरो प्यारो देश नेपाल

*कक्षा- ६, श्री ज्ञानदा मावि, हेटौंडा-१०*

## गाउँखाने कथा

१. लामो बाटो, सानो गाउँ, तेरो थाप्लामा आगो लाउँ ।
- हुक्का, नली र चिलिम

२. रिङ्गे– रिङ्गे पटरिङ्गे, एउटा गोरु साऱ्हसिङ्गे ।
- चर्खा

३. रुदैं हाँस्दै र गम्कँदै जाने, सकेसम्म विगार गर्ने ।
- बाढी

४. लामो हाँगाको एउटै पात ।
- पन्यूँ

५. लाल झाडी मैदान गडी ।
- गाजर

# सताको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: कमी/कमजोरी र असन्तुष्टि छुट्याएर अगाडि बढ्ने समय आएको छ । हाँके ताकेका काममा सन्तुष्टि मिल्ने छ । सिर्जनात्मक र रचनात्मक काममा समय व्यतित होला । पारिवारीक जमघट बढ्ला । शक्ति र सामर्थ्यको उपार्जन हुने दिन हो । व्यापार–व्यवसाय मध्यम छ । पढाइ–लेखाइ र धार्मिक अनि सामाजिक काममा समय व्यतित हुने समय योग छ ।

**वृष राशि**: खर्च वृद्धि हुने र परोपकारी/धार्मिक अनि सामाजिक आदि काममा धन व्यय हुने समय छ । शरीरमा उत्साह र उमङ्ग देखिने छ । साथी र परिवारको सहयोग प्राप्त होला । परिबन्ध र बाध्यताका काममा रुमल्लिएला । आम्दानीमा भने उचारचढाप आउने छ । विवादास्पद निर्णयमा सरिक भइएला । अरुको स्वाथको लागी खट्नु पर्ला । पढाइ–लेखाइ मध्यमकारक छ ।

**मिथुन राशि**: जग्गा जमिन वा शेयर बजार लगानीमा समय व्यतित होला । जिम्मेवारी र कर्तव्यप्रति सचेत हुँदा राम्रो । जिर्णोद्धार सम्बन्धी कार्यका लागी योजना बनाइने छ । अर्कोको लागी समय खर्च होला । व्यापार–व्यवसाय मध्यमकारक छ । बुद्धिको उपयोगले काममा लाभ होला । अध्ययन–अध्यापन अनि सामाजिक र धार्मिक कृत्यमा सरिक भइने समय योग छ ।

**कर्कट राशि**: गरेको प्रयासमा शुभ परिणाम प्राप्त होला । रोजगारीको नयाँ अवसर प्राप्त हुनेछ । लाभमूलक जिम्मेवारी ग्रहण गरिने योग छ । नसोचेको कामबाट अप्रत्याशित लाभ प्राप्त । लाभदायक यात्रा योगमा सरिक भइने छ । व्यापार–व्यवसाय मध्यमकारक छ । अध्ययन–अध्यापन मध्यम रहने छ । सामाजिक तथा धार्मिक कृत्यमा सरिक र लाभ प्राप्त होला ।

**सिंह राशि**: शरीर फूर्तिलो बन्ने छ । रोकिएका कामहरु बन्न थाल्नेछन् । धार्मिक तथा आध्यात्मिक गतिविधिका काममा आकर्षण बढ्ने छ । आफूभन्दा सानासँग राम्रो व्यवहार गर्दा राम्रो रहन्छ । प्रतिस्पर्धामा विजय भइने छ । सामाजिक काममा मन जाला । व्यापार–व्यवसाय ठिकै रहने छ । अध्ययन–अध्यापनबाट लाभ हुने योग रहेको छ ।

**कन्या राशि**: जोखिम र संकटले घेरेको समय छ । दुराशा र महत्वकांक्षालाई थाती राख्दा राम्रो रहन्छ । आफ्नो कार्यक्षेत्रलाई निरन्तरता दिँदा राम्रो रहन्छ । कामकाजमा बृद्धि र विवेकको प्रयोग गर्दा राम्रो रहन्छ । अवगाल र अपजस पाउने दिन भएकाले काममा सजगता अपनाउँदा राम्रो रहला । शारीरिक स्वास्थ्यमा सजगता अपनाउनुपर्ला । पढाइ ठिकै छ ।

**तुला राशि**: शारीरिक रुपमा स्वस्थता बढ्ला । नसोचेका कामहरु सजिलै सम्पन्न होलान् । व्यवसाय र पेशामा खटे अनुसार सन्तोषजनक परिणाम आउला । घरायसी वस्तुहरु सम्पन्न होलान् । प्रेम सम्बन्धमा बलियो देखिन्छ । नोकरी गर्नेका लागी मिहिनेत र परिश्रम गर्नुपर्ला । मनोरञ्जन र रामरमाइलोमा समय बित्ला । सामाजिक धार्मिक कामको छलफल हुनेछ ।

**वृश्चिक राशि**: मनमा शान्ति र सन्तोषको अनुभूति प्राप्त होला । रिस, राग र आवेग नियन्त्रण राखेर काम गर्दा सफल भइने छ । जग्गाजमिन सम्बन्धी विवाद अन्त्य होला । न्यायलयका कामहरु पूर्ण हुने छन् । व्यापार–व्यवसाय मध्यम मान्नुपर्दछ । धार्मिक तथा सामाजिक यात्रा योगमा सरिक भइने छ । लेखाइ–पढाइका कामहरु मध्यम रहलान् ।

**धनु राशि**: बन्द व्यापार र पेशागत जीवनमा सामान्य समय छ । आफन्त र गुरुजनहरुसँग सर–सल्लाहले काम गर्दा राम्रो रहन्छ । प्राविधिक र सीपमूलक काममा आकर्षण बढ्ने छ । कर्मप्रति समर्पित भईएला । सामाजिक र धार्मिक काममा सरिक । संगीत, नृत्य वा कलाको क्षेत्रमा समय व्यतित होला । अध्ययन्–अध्यापनको काममा सरिक भईने छ ।

**मकर राशि**: दिग्दारी र तनावको मात्रामा वृद्धि हुने योग छ । अधैर्यतालाई त्यागेर हिम्मतका साथमा अघि बढ्ने प्रयास गर्नु राम्रो हुन्छ । लक्ष्य र योजनाका बारेमा खुलेर छलफल गर्दा राम्रो । साथीसंगी र इष्टमित्रबाट सहयोग लिन सकिने छ । दौडधुप गर्नुपर्ने समय योग छ । प्रेमजीवनमा सरिक भईने समय योग रहेको छ । सामाजीक तथा धार्मिक कार्यमा सरिक भईने छ ।

**कुम्भ राशि**: बन्धुबान्ध र दाजुभाईबाट सुख प्राप्त हुने समय छ । निश्वार्थको सहयोगका काममा पूर्णता होला । आध्यात्मिक भावनाको विकास हुने छ । परोपकारी र सेवामुलक काममा खट्नुपर्ला । रामरमाईलोमा समय व्यतित होला । व्यापारीक समस्या योग आउने समय छ । धार्मिक तथा ऐतिहासिक क्षेत्रको भ्रमण हुने समय योग रहेको छ ।

**मीन राशि**: चल/अचल धनको उपयोगबाट लाभ होला आर्थिक दृष्टिले राम्रो समय छ । कामधामको प्रगतीको बाटो समात्ने छ । अध्ययन्–अध्यापनको काममा सरिक भईने समय छ । ज्ञान बढाउने विषयमा प्रगती हुने छ । साहित्यमा रुचि बढ्ने समय योग छ । महत्वपूर्ण काम बन्ने समय योग छ । धार्मिक सामाजिक काममा समय व्यतित हुने समय छ ।


## निर्माण व्यवसायी संघ मकवानपुरको
## सदस्यता नवीकरण गर्ने सम्बन्धी सूचना

यस निर्माण व्यवसायी संघ मकवानपुरको २४ औं वार्षिक साधारणसभा २०८० माघ २० गते हुने भएको हुादा यस संघमा दर्ता हुनु भएका निर्माण व्यवसायीहरुले २०८० पुस २० गतेसम्ममा अनिवार्य रुपमा सदस्यता नवीकरण गरिसक्नु हुन यसै सूचना मार्फत जानकारी गराइन्छ । साथै नवीकरण नभएका फर्म/कम्पनीहरुलाई साधारणसभामा भाग लिनका लागि अनिवार्य रुपमा २०८० पुस २० गतेसम्ममा नवीकरण गर्नुहुन समेत जानकारी गरिन्छ ।

राजेन्द्रप्रसाद चौलागाई, महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्यावरोटरी**
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## बालविवाह सामाजिक र कानुनी अपराध हो

- बीस वर्ष नपुगी बिवाह नगरौ र नगराऔं
- उमेर नपुगी विवाह गर्दा सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

सुकराम केसी
वडा अध्यक्ष तथा
**९ नम्बर वडा कार्यालय परिवार**

# चौथो संस्करणको वडा अध्यक्ष कप वडा-७ ले जित्यो

समाज संवाददाता

हेटौंडा: मकवानपुरको मनहरी गाउँपालिकामा सम्पन्न चौथो संस्करणको वडा अध्यक्ष कप फुटबलको उपाधि वडा नम्बर ७ ले जितेको छ । शुक्रबार मनहरी-७ स्थित मदन भण्डारी क्षेत्रीय रंगशालामा भएको फाइनल खेलमा वडा नम्बर-२ लाई १-० गोल अन्तरले पराजित गर्दै वडा ७ ले उपाधि जितेको हो ।

७ नम्बर वडाको तर्फबाट मनिष पौडेलले ५४ औं मिनेटमा निर्णायक गोल गरे । प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख रुपैयाँ र उप-विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा मनहरीका ९ वटा वडाका टिमको सहभागिता रहेको थियो ।

फाइनल खेलको म्यान अफ द म्याच र मनहरी-२ का अशोक मोक्तान भएका छन् । मोक्तान प्रतियोगिताको सर्वश्रेष्ठ खेलाडीसमेत घोषित भए । उनले म्यान अफ द म्याच भएसँगै २ हजार रुपैयाँ प्राप्त गरे भने सर्वोत्कृष्ट खेलाडीबापत १० हजार रुपैयाँ प्राप्त गरे । अन्य विधागत उत्कृष्टको उपाधि विजेता टिमका खेलाडीहरुले पाएका छन् ।

प्रतियोगिताको उत्कृष्ट गोलकिपर आशीष राउत भएका छन् भने उत्कृष्ट डिफेन्डर सुदिप सापकोटा भएका छन् । यस्तै, मिडफिल्डर कपिल मोक्तान, सर्वाधिक गोलकर्ता मनिष पौडेल र प्रशिक्षक सागर स्याङ्तान घोषित भए । विधागत उत्कृष्ट खेलाडीहरुले नगद ५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गरे ।

प्रतियोगिताको फाइनल खेलमा साफ च्याम्पियसीपबाट यु-१६ खेलमा सहभागी भएका मनहरीका फुटबल खेलाडी सन्तोष गोङ्वा र कृषल मोक्तानलाई नगद १० हजार रुपैयाँसहित सम्मान गरिएको छ । मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, उपाध्यक्ष सीता पुलामी, अखिल नेपाल फुटबल संघ (एन्फा) का केन्द्रीय सदस्य टीकाराम लामा, ७ नम्बर वडाका कार्यबाहक अध्यक्ष नवराज सुवेदी, गाउँपालिकाका विभिन्न शाखाका प्रमुख प्रतिनिधिहरुको उपस्थितिमा पुरस्कार वितरण गरिएको थियो ।

# ५३ जनाको नि:शुल्क पाठेघर जाँच

समाज संवाददाता

हेटौंडा: मकवानपुरको कैलाश गाउँपालिका-१ मा भएको नि:शुल्क पाठेघरको मुखको क्यान्सर शिविरमा ५३ जनाले सेवा लिएका छन् । बिहीबार पाठेघरको मुखको क्यान्सर जाँच हुँदा गाउँपालिका-१ का ५३ जना महिलाले सेवा लिएका गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख सुधीर कुसवाहले जानकारी दिनुभयो ।

कैलाश गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा भएको कार्यक्रमबाट २ जनामा पाठेघरको समस्या (आङ खसेको) देखिएको थियो । कुसवाहका अनुसार नेपालको विभिन्न स्थानमा महिलाहरुलाई पाठेघरको समस्या देखिएको र केहिको मृत्युसमेत भएको हुँदा पालिकाका महिलाहरु सतर्क हुन् भन्ने उद्देश्यले शिविर आयोजना भएको हो । शिविरमा सेवाग्राहीहरुलाई तालिम प्राप्त ५ जना स्वास्थ्यकर्मीहरुले सेवा प्रदान गरेका थिए ।

यस्तै, बिहीबार कैलाश गाउँपालिका-६, पकनीमा इम्प्लान्ट शिविर हुँदा १९ जनाले सेवा प्राप्त गरेका छन् । शिविर वडाको आधारभूत स्वास्थ्य सेवा केन्द्रमा भएको कुसवाहले बताउनुभयो । कैलाश गाउँपालिकामा १० दिनभित्र ७६ जनाले इम्प्लान्टको सेवा प्राप्त गरेका छन् । कुसवाहका अनुसार पालिकाले बिस्तारै हरेक वडामा इम्प्लान्टको सेवा प्रदान गर्नेछ ।

# विद्यार्थीलाई छात्रवृत्ति र न्यानो कपडा वितरण

समाज संवाददाता

हेटौंडा: हेटौंडा-१६, हटियास्थित जनप्रिय माविका विद्यार्थीलाई छात्रवृत्ति र न्यानो कपडा वितरण गरिएको छ । शुक्रबार विद्यालय व्यवस्थापन समितिका सदस्य कृष्णप्रसाद पनेरुले १५ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्नुभयो भने शिक्षक यशोदा भट्टराईले जन्मदिनको अवसरमा विद्यार्थीलाई न्यानो कपडा वितरण गर्नुभएको हो ।

पनेरुले १५ जना विद्यार्थीको छात्रवृत्ति वापत ५५ हजार ३ सय ७० रुपैयाँ हस्तान्तरण गर्नुभयो भने शिक्षक भट्टराईले प्राथमिक तहका १५ जना विद्यार्थीलाई न्यानो कपडा स्वीटर वितरण गर्नुभएको छ । केही समयअघि मात्रै विद्यालयका प्रधानाध्यापक भुपेन्द्र चौलागाईले आफ्नो विवाह वर्षगाँठको अवसरमा २५ थान र शिक्षक कमला मिश्रले आफ्नो बुबाको स्मृतिमा १५ थान न्यानो कपडा विद्यार्थीलाई हस्तान्तरण गर्नुभएको थियो ।

विद्यालयका शिक्षक संप्रस पौडेलका अनुसार विद्यालयका शिक्षकहरुले विभिन्न अवसरमा विद्यार्थीलाई न्यानो कपडा वितरण गर्न सुरु गरेको छ । कक्षाका शिक्षकहरुको मुल्याङ्कन र विद्यार्थीहरुको अवस्था हेरेर कपडा वितरण गरिने उहाँले बताउनुभयो । कक्षा १२ सम्म अध्ययन अध्यापन हुने विद्यालयमा १ हजार ८ सयभन्दा बढी विद्यार्थीहरु अध्ययनरत छन् ।

# ‘न्यायिक दर्पण’ पुस्तक विमोचन

समाज संवाददाता

हेटौंडा: उच्च अदालत बार एसोसिएसन हेटौंडा मकवानपुरले तयार पारेको ‘न्यायिक दर्पण’ पुस्तक विमोचन भएको छ । शुक्रबार एक कार्यक्रमका बीच नेपाल बार एसोसिएसनका उपाध्यक्ष हर्कबहादुर रावलले पुस्तकको विमोचन गर्नुभएको हो ।

बारकी सचिव श्रद्धा ढुङ्गानाले नेपाल बार एसोसिएसनको ६४ औं स्थापना दिवसको अवसरमा पुस्तक विमोचन गरिएको बताउनुभयो । उहाँका अनुसार पुस्तकमा कानुनसम्बन्धी विभिन्न लेख रचनाहरु समावेश गरिएको छ । जसमा न्यायिक क्षेत्रमा प्रयोग हुने शब्दहरुको प्रयोग गरिएको छ ।

बारले गत साउनदेखि उक्त पुस्तकका लागि दुई वटा समिति बनाएर कार्य सुरु गरेको थियो । जसअन्तर्गत् अर्थ समितिमा सचिव ढुङ्गानाको संयोजकत्वमा तीन सदस्यीय समिति गठन भएको थियो भने प्रकाशन समितिमा अधिवक्ता शिवप्रसाद बन्जाराको संयोजकत्वमा तीन सदस्यीय टोली गठन भएको थियो ।

उच्च अदालत बार एसोसिएसनका अध्यक्ष अरुणकुमार खतिवडाको सभाध्यक्षतामा भएको कार्यक्रममा बार का केन्द्रीय महासचिव अन्जिता खनाल, सचिव निर्भयराज पौडेल र जिल्ला अदालत मकवानपुरका अधिवक्ता महेन्द्रबहादुर कार्कीलगायतको आतिथ्य रहेको थियो ।


## शिक्षक आवश्यकता

***प्रथमपटक सूचना प्रकाशित मिति: २०८०/०९/०७***

हेटौंडा-१०, गोरक्षेश्वर धाममा सञ्चालित संस्कृत वेद विद्यालयका लागि निजी स्रोतमा करार सेवामा निमावि तहको शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक, योग्य नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

शैक्षिक योग्यता: +२ उत्तीर्ण वा संस्कृत भाषा, वेद विषय लिई उत्तर मध्यमा उत्तीर्ण
प्राथमिकता: माथिल्लो शैक्षिक योग्यता भएका उम्मेदवार ।
सेवा/सुविधा: आपसी सहमतिमा तय गरिनेछ ।
आवेदन दिने अन्तिम मिति: २०८० पौष २१ गते दिनको ४ बजेसम्म ।
सम्पर्क मिति: २०८० पौष २२ गते
परीक्षा मिति: सम्पर्क मितिमा तोकिने छ ।

**आवश्यक कागजातहरू (२/२ प्रति)**
१) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि
२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३) अध्यापन अनुमतिपत्रको प्रतिलिपि
४) अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपि ।

**संस्कृत वेद विद्यालय**
**हेटौंडा-१०, गोरक्षधाम**
**प्रधानाध्यापक (९८४५५३५४३४) अध्यक्ष (९८५५०६७३२३)**



## हार्दिक समवेदना



जन्म: १९९१/०९/२० **स्व. लिलानाथ लामिछाने** देहावसान: २०८०/०८/२०

*यस शिक्षक हित बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष आदरणीय शिवप्रसाद लामिछानेका पुजनीय बुबा* ***लिलानाथ लामिछाने****को देहावशान भएको दु:खद् घटनाले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा बुबाको बैकुण्ठवासको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।*

**शिक्षक हित बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
**हेटौंडा, मकवानपुर**


# गाँजासहित स्कारपिओ नियन्त्रणमा

समाज संवाददाता

हेटौंडा: बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका-१, पथलैयाबाट प्रहरीले ३६ किलो लागूऔषध गाँजासहित भारतीय स्कारपिओ जिप नियन्त्रणमा लिएको छ । शुक्रबार बिहान ७ बजेर ३० मिनेटको समयमा प्रहरी चौकी पथलैयाबाट खटिएको प्रहरी टोलीले सर्भिस लेनमा पार्किङ गरी राखेको डीएल ४ सीएन बी ३६८१ नम्बरको स्कारपिओबाट लागूऔषध गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायव उपरीक्षक दधिराम न्यौपाने जानकारी दिनुभयो ।

प्रहरीले शंका लागि सुरक्षाजाँच गर्दा स्कारपिओको पछाडिको भागमा बक्स बनाई लुकाइछिपाई राखेको ३६ किलो अबैध लागूऔषध गाँजा बरामद गरेको थियो । लागूऔषध गाँजासहित भारतीय स्कारपिओ नियन्त्रणमा लिई आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइएको प्रहरीले जानकारी दिएको छ ।

# कंकाल फेला

समाज संवाददाता

हेटौंडा: चितवन जिल्लाको राप्ती नगरपालिका-१२ मा एक जनाको कंकाल फेला परेको छ । कंकाल स्थानीय ८३ वर्षीय जंगे तामाङको रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । बिहीबार बिहान ११ बजेर ३० मिनेटको समयमा जंगलमा स्थानीय घाँस काट्न जाँदा खोल्सामा मानव कंकाल र कपडा फेला परेको थियो । अनुसन्धानको क्रममा तामाङ बैशाख २६ गतेदेखि हराएको आफन्तहरुले बताएका छन् । मुचुल्कापश्चात कंकाललाई पोष्टमार्टमका लागि भरतपुर अस्पताल लगिएको प्रहरीले जनाएको छ ।


## हार्दिक समवेदना



जन्म: १९९७ असार १७ गते **स्व. अशोक कुमार श्रेष्ठ** स्वर्गारोहण: २०८० मंसिर २५ गते

यस क्लबका अध्यक्ष आदरणीय सुदेश कुमार श्रेष्ठका पुजनीय बुबा **अशोक कुमार श्रेष्ठ**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३ औं पूण्यतिथिमा** दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**मर्निङ हेल्थ क्लब परिवार**
**हेटौंडा, मकवानपुर**



## श्री जनप्रिय माध्यामिक विद्यालय
**(प्राविधिक शिक्षालय)**
**हेटौंडा १६, हटिया चिसापानी**

## दर रेट पेश गर्ने वारेको सूचना

*(सूचना प्रकाशित मिति : २०८०/०९/०७ गते)*

यस श्री जनप्रिय मावि (प्राविधिक शिक्षालय), हेटौंडा १६ चिसापानी मकवानपुरको लागि देहायका सामाग्रिहरु खरिद गर्नका लागि मिति २०८०।०९।०५ गतेको खरिद समितिको निर्णय अनुसार विद्यालयलाई आवश्यक परेको निम्न सामानहरु सम्बन्धित फर्म तथा कम्पनीहरुले सुचना प्रकाशित मितिदेखि १५ (पन्ध्र) दिन भित्र विद्यालयले उपलब्ध गराएको ढाँचामा दर रेट पेश गर्नुहुंन सूचना आह्वान गरिएको छ ।

**तपसिल :**
विज्ञापन नं. १/८०-८१
१ फर्निचर (डेक्स बेञ्च, दराज, बुकर्‍याक, ल्याव र्‍याक, वाल र्‍याक) खरिद तथा निर्माण
२ पुस्तकालय पुस्तक, पाठ्य पुस्तक खरिद
३ स्टेसनरी (परीक्षा कपी, फोटोकपी पेपर, शिक्षक डायरी, मसलन्द छपाई सामान) खरिद
४ खानेपानी धारा मर्मत सामान फिल्टर (युरोगाड) खरिद
५ सि.सि. क्यामेरा, प्रिन्टर, कम्प्युटर, फोटोकपी मेशिन मर्मत तथा खरिद
६ सवारी साधन मर्मत सामान टायर रिसोलिङ्ग, टायर खरिद
७ प्लास्टिक टनेल
८ कमपोष्ट मल, विउ, धौषधी, फलफुल तथा जैविक विरुवा आदि खरिद
९ ईलेक्टिकल ल्याव, कृषी ल्याव र भेटेरीनरी ल्याव प्रयोग सामान
१० विद्यालय सफ्टवोयर

**फारम बुझउने अन्तिम मिति** २०८०/०९/२१ गते
फाराम भर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्टसम्म दरखास्त बुझाउन सकिनेछ ।
नोट: विद्यालयबाट दररेट फारम लिई तोकिएको मितिमा विद्यालय समयभित्र बुझाउनु पर्नेछ ।

**संलग्न गर्नुपर्ने प्रमाणित कागजातहरू :**
फर्म दर्ता, प्यान दर्ता, घरेलु दर्ता तथा कर चुक्ता आदि प्रमाणपत्रको प्रतिलिपीहरु ।

**सम्पर्क : ०५७-५३०१२२, ९८४५२३४७५५**
**सामाग्री खरिद समिति**
**श्री जनप्रिय माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)**
**हेटौंडा १६, हटिया चिसापानी**
**भुपेन्द्र चौलागाई**
**प्रधानाध्यापक**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ